नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

☎ ०२७-५२०१२५
५२०५५५

पत्र संख्या :- ०७८।७९
चलानी नम्बर :- ३०८

१ नं. प्रदेश, नेपाल
मिति :- २०७८।०५।१०

विषय :- **इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काबाट जारी आदेश ।**

कोभिड-१९ संकट ब्यबस्थापन केन्द्रको Smart Lockdown कार्यबिधि २०७८ अनुरुप बिश्लेषण गर्दा इलाम जिल्ला अझै पनि Hard Lockdown गर्नुपर्ने स्तरमा देखिएको छ । पछिल्लो समयको कोभिड १९ अवस्था हेर्दा निषेधाज्ञा कडा हुदा हुदै पनि गाँउ तथा शहर हरुमा बिस्तार भएको संक्रमणको दर नियन्त्रण हुन अझै केहि समय लाग्न सक्ने भएकोले दैनिक जनजीवनका केहि सेवाहरु सहजीकरण गर्न जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८।०५।१० गतेको बैठकबाट सिफारिस भए अनुसार कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०५।१० गते मध्यराती १२:०० बजेदेखि मिति २०७८।०५।१५ गते मध्यराती १२:०० बजेसम्म इलाम जिल्लाभरी लागूहुने गरी देहाय बमोजिमको आदेश जारी गरिएको छ ।

१. **देहायका सिमित सेवाहरु बाहेक अन्य सबै सेवाहरु/कार्यहरु गर्न निषेध गरिएको छ ।**
   १. तरकारी, खाद्यान्न, फलफूल, दुध र मासु पसलहरु विहान ११:०० बजे सम्म मात्र खुल्ने ।
   २. बैकहरु तथा बिमा कम्पनीहरुले अति आबश्यक सेवाका लागि बिहान १०.०० वजे देखि दिउसो १.०० वजेसम्म मात्र अति आबश्यक बैकिङ सेवा दिने ।
   ३. नापी, मालपोत, नागरिकता र राहदानीको सेवा आलोपालो प्रणालीबाट यसैसाथ संम्लग्न तालिका अनुसार निश्चित दिन निश्चित पालिकाको मात्र सेवा प्रदान गरिनेछ ।
   ४. कर्मचारीहरुले परिचयपत्र देखाई कार्यालय समयमा मात्र आवत जावत गर्न पाँउनेछन ।
२. **संक्रमणको अवस्था हेरि सम्वन्धित स्थानीय तहले शिल गरेका स्थानहरु र अवधिसम्म सो क्षेत्रमा आवतजावत लगायत सबै किसिमका सेवाहरु बन्द रहनेछन ।**
३. **सिमित रुपमा खुला गरिएका सेवाहरु भिडभाड नहुने गरि तोकिएको स्वास्थ्य मापदण्ड प्रयोग गरेर मात्र लिनु/दिनु पर्नेछ ।**
४. **अत्याबश्यक काममा हिडनु परेमा स्वास्थ्य सुरक्षाको मापदण्ड पुरा गर्नुपर्नेछ ।**
५. **मेची राजमार्ग भएर चल्ने सवारी साधनहरुले राजमार्ग बाहेक इलाम वजार लगायत जिल्लाका कुनै पनि स्थानीय बजारहरुमा रोक्न, यात्रु चढाउन र ओराल्न पाउने छैनन ।**

(ध्रुव बहादुर खड्का)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## इलाम

☎ ०२७-५२०१२५
५२०५५५

१ नं. प्रदेश, नेपाल

पत्र संख्या :- ०७८।७९
चलानी नम्बर : ३०८

मिति : २०७८।०५।१०

विषय : धैरै जनसम्पर्क हुने नागरिकता मालपोत र नापी कार्यालयको सेवा प्रबाह सम्वन्धि तालिका

| सि.न. | कार्यालयको नाम | गाँउपालिका / नगरपालिका | सेवा संन्चालन हुने वार | कैफियत |
|---|---|---|---|---|
| १ | • जिल्ला प्रशासन कार्यालय,इलाम<br>• नापि कार्यालय इलाम<br>• मालपोत कार्यालय इलाम । | इलाम नगरपालिका, सन्दकपुर गाँउपालिका र माईजोगमाई गाँउपालिका | आइतबार र शुक्रवार | |
| | | माई नगरपालिका र चुलाचुली गाँउपालिका, फाकफोकथुम गाँउपालिका | सोमबार र मंगलवार | |
| | | सुर्योदय नगरपालिका, रोङ् गाउपालिका र माङ्सेबुङ् गाँउपालिका | बुधवार र बिहिवार | |
| २ | • इलाका प्रशासन कार्यालय, मंगलबारे,<br>• नापी कार्यालय मंगलबारे<br>• मालपोत कार्यालय, मंगलबारे | देउमाइ नगरपालिका | आइतवार र शुक्रबार | |
| | | फाकफोकथुम गाँउपालिका | सोमबार र मंगलबार | |
| | | माङ्सेवुङ् गाँउपालिका | बुधवार र बिहिबार | |
| ३ | सिमा प्रशासन कार्यालय पशुपतिनगर | सुर्योदय नगरपालिका | आइतबार मंगलबार र शुक्रबार | |
| | | रोङ् गाँउपालिका | सोमबार र बिहिवार | |
| | | माईजोगमाई गाउपालिका | बुधवार | |

प्रमुख जिल्ला अधिकारी